# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ७ गते २०२४ साल

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

यस मन्त्रालयका उप-सचिव श्री उपेन्द्रदत्त मिति ०२४-१०-३-४ देखि घरबिदामा बस्नुभएकोले उहां फर्की हाजिर नहुन्जेलसम्मको लागि उक्त पदमा निजामती सेवा नियमावली, २०२१ को परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै मन्त्रालयका सेक्शन अफिसर श्री रामराजध्वज जोशीलाई सोही मितिदेखि कायम मुकायम मुकरर गरेको छ ।

भरतबहादुर प्रधान,
श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०२४-६-२५ को निर्णयअनुसार त्रिशूली जल विद्युत् योजनामा काज गैरहनु भएका इन्जिनीयर श्री पशुपतिप्रताप शाहलाई त्रिशूली जल विद्युत् योजनाको कामसमेत हेर्ने गरी विद्युत् विभागको डेपुटी चीफ इन्जिनीयर पदमा सरूवा गरेको छ ।

आज्ञाले-
भरतबहादुर प्रधान,
श्री ५ को सरकारको का. मु. सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।